الطهارة والصلاة - نيبالي

# पवित्रता र नमाज



تعاوني الزلفي

المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بالزلفي
190
هاتف: ٤٢٣٤٤٦٦ ٠١٦ - فاكس: ٤٢٣٤٤٧٧ ٠١٦

# الطهارة والصلاة

أعده وترجمه للغة النيبالية

شعبة توعية الجاليات بالزلفي

الطبعة الأولى ١٤٣٣هـ

ⓒ شعبة توعية الجاليات بالزلفي ، ١٤٣٣هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*

شعبة توعية الجاليات بالزلفي

الطهارة والصلاة / شعبة توعية الجاليات بالزلفي

١٤٣٣هـ

٣٢ ص : ١٢ × ١٧ سم

ردمك : ١ - ٣١ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨

(النص باللغة النيبالية)

١- الصلاة ٢- الطهارة (فقه اسلامي) أ- العنوان

ديوي ٢٥٢,٢ ١٤٣٣ / ٨٥٢٦

رقم الإيداع : ١٤٣٣ / ٨٥٢٦

ردمك : ١ - ٣١ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨

الصف والإخراج : **شعبة توعية الجاليات بالزلفي**

# أحكام الطهارة
# पवित्रताको विषय

## पवित्रता र अपवित्रता।

**अपवित्रता** - भनेको त्यो कुरा हो जस्बाट बाँचनु र लागेको ठाउँलाई धोनु एउटा मुस्लिमको लागि अनिवार्य हुन्छ, तसर्थ यदि लुगा र शरिरमा कुनै अपवित्रता लागेको छ र त्यो स्पष्ट देखिने कुरा छ भने अन्त सम्म त्यस्लाई धोनु अनिवार्य छ, जस्तो कि मासिक धर्मको रगत, तर यदि धोए पाछ्र पनि त्यस्को चिन्ह बाँकि छ र त्यस्लाई मेटनु गाह्रो छ भने केही फरक पर्दैन, र यदि अपवित्रता देखिने कुरा छैन भने त्यस्लाई मात्र एक चोटि धोएर नै पुगिहाल्छ। र अपवित्रता यदि धरतिमा छ भने त्यस्लाई पवित्र गर्नको लागि त्यस माथि पानी हालनु पर्छ, र यदि अपवित्रता सुकिहाल्यो भने त्यस्तो अवस्थामा धरति आफै पवित्र हुन्छ, यदि अपवित्रता तरल पदार्थ छ भने, तर यदि तरल पदार्थ छैन भने त्यस्लाई हटाउनु जरुरि हुन्छ।

पवित्रता प्राप्त गर्नको लागि, र अपवित्रताबाट मुक्त हुनको लागि पानीको प्रयोग हुन्छ, जस्तो कि बंर्षाको पानी, र समुद्रको पानी, इत्यादि , त्यस्तै प्रयोग भइसकेको पानीलाई पुनः प्रयोग गर्नु पनि जायज छ, र यस्तो पानीलाई प्रयोग गर्नु पनि जायज छ जस्मा कुनै पवित्र वसतुको मिश्रण भएको छ तर पानि चाहिं आफनो असली अवस्थामा बांकि नै छ र पानीको नामबाट खारिज पनि भएको छैन, तर यदि कुनै पवित्र वसतुको मिश्रण भएर त्यस्को नाममा परिवर्तन भइसकेको छ भने त्यस्तो पानीले पवित्रता प्राप्त हुँदैन, र त्यस्तै यदि अपवित्रताको मिश्रण भएर पानीको स्वाद, गंध, र रँगमा परिवर्तन भंएको छ भने त्यस्तो पानीलाई

पनि प्रयोगमा ल्याउनु जायज छैन, तर यदि त्यस्मा कुनै प्रकारको परिवर्तन भएको छैन भने त्यस्लाई पवित्रताको लागि प्रयोग गर्नु जायज छ । त्यस्तै खाएर बाँकी रहेको पानीलाई प्रयोग गर्नु पनि जायज छ, तर यदि कुकुर अथवा बांगुरले खाइएको छ भने त्यस्लाई प्रयोग गर्नु जायज छैन, किन भने त्यो अपवित्र जनावरहरु हुन् ।

## अपवित्रताको प्रकार।

अपवित्रता चाहिं धेरै प्रकारका छन्, त्यस मध्ये :

क - दिसा पेशाब ।

ख - वदी, अर्थात पेशाब पछि निस्कने सेतो रँगको गाढा तरल पदार्थ ।

ग - मजी, अर्थात कामवासनाको समयमा निस्केको सेतो रँगको गाढा तरल पदार्थ ।

मनी (वीर्य) चाहिं पवित्र छ तर यदि भिजेको छ भने त्यस्लाई धोनु उचित छ, र सुखेको छ भने त्यस्लाई दलनु पर्छ ।

घ - जुन् जनावरहरुको मासु खानु जायज छैन त्यस्को गोबर र पेशाब, तर जुन् जनावरहरुको मासु खानु जायज छ भने त्यंस्को पेशाब र गोबर अपवित्र छैन ।

उपरोक्त सबै अपवित्रताहरुलाई धोनु र शरिर र लुगाबाट हटाउनु जरुरि छ ।

ङ - मासिक धर्म र प्रसौतको रगत ।

र मजी यदि लुगामा लागेको छ भने त्यस्लाई पानीको फोहारा दिएर नै हुन्छ ।

## अपवित्रताको आदेशहरू।

१ - यदि कसैलाई कुनै यस्तो फोहर चिज लागेको छ जस्को बारेमा उस्लाई थाहा छैन कि त्यो अपवित्र हो कि होइन भन्ने

त्यस्को बिषयमा सोध्नु जरुरि छैन, र त्यस्लाई धोनु पनि जरुरि छैन, किन भने असलमा सबै कुराहरु पवित्र छन् ।
२ - यदि कुनै व्यक्तिले नमाज पढिसके पछि आफनो शरिरमा अथवा लुगामा अपवित्रता देख्छ जस्को बारेमा अघिदेखि जानकारी थिएन अथवा बिर्सेको थियो भने त्यस्को नमाज सही हुन्छ ।
३ - जस्को लुगामा अपवित्रताको ठाउँ स्पष्ट हुँदैन भने त्यस्लाई खोजने प्रयास गर्नु पर्छ र अनुमान अनुसार अपवित्रताको ठाउँलाई सफा गर्नु पर्छ, किनकि अपवित्रता चाहिं महसुस हुने कुरा हो, जस्को स्वयम आफनो एउटा रँग, स्वाद, र गंध हुन्छ ।

## दिसा पेशाब ।

**दिसा पेशाब गर्ने तरिका यस अनुसार छ :**

१ - शौचालयमा जाँदा पहिला आफनो देब्रे खुट्टा भित्र राखने, र प्रवेश गर्ने भन्दा पहिला यो भन्ने (بسم الله، اللهم إني أعوذ بك من الخبث والخبائث) अल्लाहको नामबाट, हे अल्लाह! म खप्पिस (दुष्ट पापी) पुरुष जिन्न, र खप्पिस महिला जिन्नहरुबाट तिम्रो शरण चाहन्छु । र बाहिर आउँदा आफनो दायाँ खुट्टा बाहिर राखने र यो भन्ने (غفرانك) हे अल्लाह! म तिम्रो क्षमा चाहन्छु ।
२ - शौचालयमा जाँदा साथमा कुनै यस्तो चिज न राखने जस्मा अल्लाहको नाम छ, तर यदि हराउने खतरा छ भने केहि फरक पर्दैन ।
३ - मरुभुमिमा दिसा गर्ने समय काबा तिर नत मुख गर्ने नत पिठ, तर कोठा भित्र यस्तो जायज छ ।
४ - गुप्त लिङ्गको पर्दा गर्ने र त्यस्मा कुनै प्रकारको धिला सुसति नगर्ने, पुरुषको पर्दाको ठाउँ चाहिं नाइटो देखि घुँडा सम्म हुन्छ,

र महिलाको पुरा शरिर नै पर्दा हुन्छ, मात्र नमाजमा अनुहारको पर्दा छैन, तर यदि नमाजमा पनि अपरिचित व्यक्तिहरुको सामुना छ भने यस्तो अवस्थामा अनुहारको पर्दा गर्नु पर्छ ।

५ - शरिरमा र लुगामा दिसा पेशाब न लाग्नदिने।

६ - दिसा पेशाब गरिसके पछि पानीले सफा गर्ने, अथवा कागतको रुमाल (tissue), अथवा ढुंगाको प्रयोग गर्ने, र बायाँ हातले सफा गर्ने ।

## वोजु।

बिना वोजुको नमाज स्वीकार हुने छैन, अबुहोरैरह ﷺको हदिस छ कि रसुल ﷺले भन्नु भयो «तिमीहरु मध्ये जस्को वोजु भँग भएकोछ भने जब सम्म त्यो वोजु गर्नु हुँदैन तब सम्म अल्लाहले त्यस्को नमाज स्वीकार गर्ने छैन» (मुत्तफकुनअलैह - ६९५४, २२५)

त्यस्तै धारावाहिक रुपमा एक पछि एक सबै अँगको पालो ध्यानमा राखेर एक साथ एउटै समयमा वोजु गर्नु जरुरि छ ।

वोजुमा धेरै विशेष्ता र प्रधान्ताहरु छन् जस्लाई महसुस गर्नु पर्छ, त्यस मध्ये हजरत उसमान ﷺको हदिस छ कि रसुल ﷺले भन्नु भयो «जुन सुकै व्यक्तिले राम्रो तरिकाले वोजु गर्नु हुन्छ भने शरिरबाट त्यस्को पाप निस्कन थाल्छ, यहाँ सम्म कि नाङको तलबाट पनि निस्कन्छ» (मुस्लिम - २४५) र वहाँकै अर्को हदिसमा छ कि रसुल ﷺले भन्नु भयो «जस्ले अल्लाहको आज्ञा अनुसार आफनो वोजु पुरा गर्नु हुन्छ भने अनिवार्य नमाजहरुले यस्तो हरेक पापलाई मेटाउँछ जुन् त्यस अवधीमा गरेको हुन्छ» (मुस्लिम-२३१)

## वोजुको कैफियत।

१ - (नियत) मन्मा वोजुको इच्छा व्यक्त गर्ने, तर मुखले नभन्ने, किनकि मन्मा ठानेको कुरालाई नै इच्छा भनिन्छ, र त्यस पछि (بسم الله) भन्ने ।

२ - फेरि दुवै हत्केलीलाई तिन चोटि धोने ।

३ - फेरि तिन तिन चोटि कुल्ला गर्ने र नाकमा पानि हालने ।

४ - फेरि तिन चोटि अनुहार धोने, चौराईमा एक कान देखि अर्का कान सम्म,र लम्बाइमा टाउकोमा कपाल उगने ठाउँ देखि दाढीको तल सम्म।

५ - फेरि दुवै हातलाई तिन चोटि धोने, औंलाको शुरु देखि कुहिनो सम्म, पहिला दायाँलाई धोने फेरि बायाँलाई ।

६ - फेरि एक चोटि टाउको माथि हात फेरने, यस प्रकार कि आफनो दुवै हातलाई भिजाउने र शुरु देखि अन्त सम्म टाउकोमा फेरने र फेरि शुरु सम्म फर्काउने ।

७ - फेरि एक चोटि दुवै कानमा हात फेरने, चोर औंलालाई कान भित्र हालने र बुढी औंठालाई कान माथि फेरने ।

८ - फेरि दुवै खुट्टालाई तिन चोटि धोने, औंलाको शुरु देखि छेपारि सम्म, दायाँ खुट्टाले शुरु गर्ने र फेरि बायाँ खुट्टालाई धुने ।

९- फेरि यो प्रार्थणा गर्ने اشهد ان لا إله إلا الله واشهد ان محمداً عبده ورسوله म गवाही दिन्छु कि अल्लह बाहेक कोही पुज्य छैन, र मोहम्मदﷺ अल्लहको सेवक र रसुल हुन् । उमर बिन खत्ताब رضي الله عنهको हदिस छ कि रसुल ﷺले भन्नु भयो «तिमीहरु मध्ये जुन् सुकै व्यक्तिले पनि वोजु गर्नुहुन्छ र वोजु पुरा गर्नुहुन्छ फेरि यो भन्नु हुन्छ اشهد ان لا إله إلا الله واشهد ان محمداً عبده

ورسوله म गवाही दिन्छु कि अल्लह बाहेक कोही पुज्य छैन, र मोहम्मदﷺ अल्लहको सेवक र रसुल हो, भने त्यस्को लागि स्वर्गको आठौं ढोका खुलिहाल्छ, र त्यो जुन् ढोकाबाट प्रवेश गर्न चाहनु हुन्छ त्यही ढोकाबाट प्रवेश गर्न पाइन्छ» (मुस्लिम-२३४)

## मोजा माथि मसह गर्ने (हात फेरने)।

ईस्लाममा यो सजिलोपन र सुविधा छ कि उस्ले मोजा माथि मसहको अनुमति दिएको छ, र यो कुरा नबीﷺबाट प्रमाणित भएको छ, अम्र बिन ओमैयाले भन्नु भएछ कि «मैले नबीﷺलाई आफनो पगरी, र दुवै मोजा माथि मसह गर्दै देखेको छु» (बोखारी - २०५) र मोगीरा बिन शोबा رضي الله عنه ले भन्नु भयो «एक रात म रसुल ﷺ सँग थिए, त म के देख्छु कि रातिमा वहाँ उठ्नु भयो, र दिसा पेशाब गरेर आउनु भयो, त मैले एउटा भाँडोमा वोजुको पानि ल्याए, र वहाँले वोजु गर्नु भयो र आफनो दुवै मोजा माथि मसह गर्नु भयो» (मुत्तफकुन्अलैह - २०३, २७४) मसहको शर्त यो हो दुवै मोजालाई पवित्रताको अवस्थामा लगाइएको होस, अर्थात वोजु गरे पछि लगाइएको होस, र मसहको तरिका यो हो कि भिजाएको दुवै हात मोजाको उपरि भागमा फेरने, तल भागमा न फेरने, घरमा भएको व्यक्तिको लागि मसहको म्याद एक दिन र एक राति सम्म हुन्छ, र यात्रिको लागि तिन दिन र तिन राति सम्म, यस्तो यात्रा जस्मा नमाज कसर गर्न पाइन्छ अर्थात चार रकतको नमाज दुइ रकत पढन पाइन्छ, र म्याद सकिए पछि, अथवा मोजा फुकाले पछि, अथवा अपवित्र भए पछि मसह रद्द भइहाल्छ, अपिवत्र

भएको व्यक्तिलाई मोजा फुकालेर अनिवार्य रुपमा स्नान गर्नु पर्छ।

## वोजु भँग गर्ने कुराहरू।

१ - दिसा पेशाबको ठाउँबाट निस्केको दिसा, पेशाब, हवा, मनी (वीर्य), मजी, वदी, र रगत। २ - निन्द्रा ३ - उँटको मासु खानाले ४ - बेहोश हुने र सम्झिने शक्ति न हुनाले।

## स्नान

पवित्रताको उदेश्यले सम्पुर्ण शरिरमा पानी हालनुलाई स्नान भनिन्छ, र त्यो सही हुनको लागि पुरा शरिरमा पानी बहाउनु, कुल्ला गर्नु, र नाकमा पानि हाल्नु अनिवार्य छ, स्नान चाहिं पाँच कारणले जरुरी हुन्छ।

**प्रथम** - कामवासनाले उचालिएर निस्केको वीर्य, निन्द्राको अवस्थामा होस, अथवा जागिएको अवस्थामा, पुरुषबाट होस, अथवा महिलाबाट, तर यदि बिना कामवासनाले वीर्य निस्केको छ भने स्नान गर्नु जरुरि छैन, जस्तो कि रोगको कारण अथवा जाडाको कारण, त्यस्तै यदि सपना देखियो तर वीर्य अथवा त्यस्को कुनै चिन्ह पाएन भने स्नान गर्नु जरुरि हुँदैन, तर यदि वीर्य अथवा त्यस्को चिन्ह पाइएको छ भने सपनामा देखेको कुरा ध्यानमा नभएको पनि स्नान गर्नु जरुरी हुन्छ।

**दोश्रो** - सम्भोग, अर्थात पुरुषको गुप्तलिङ्ग महिलाको गुप्तलिङ्गमा छिर्ने, वीर्य न निस्केको भएता पनि।

**तेश्रो** - मासिक धर्म अथवा प्रसौत रगत बन्द हुने।

**चौथो**- मृत्यु, किन कि मुर्दालाई नुहाउनु जरुरि छ।

**पाँचौ** - नासतिक यदि मुस्लिम भयो भने नुहाउनु जरुरि हुन्छ।

## अपवित्र व्यक्तिको लागि बर्जित गरिएको कुराहरू ।

अपवित्र व्यक्तिहरुको लागि केही कुराहरु बर्जित गरिएको छ, त्यस मध्ये :

१ - नमाज ।

२ - तवाफ, अर्थात अल्लहको घर काबाको चारै तिर परिकमा गर्नु ।

३ - कुरआन छुने अथवा उठाउने, त्यस्तै ठुलो स्वरले अथवा धिमा स्वरले कन्ठगरेको कुरआन पढनु अथवा कुरआनमा हेरेर पढने, इत्यादि ।

४ - मस्जिदमा बसने, तर मस्जिद पार गर्नमा कुनै हर्ज छैन, र यदि वोजु गरेर अपवित्रतालाई हलको गरेको छ भने मस्जिदमा बसन पनि पाउँछ।

## तयम्मुम।

घरमा अथवा यात्रामा दुवै अवस्थामा तयम्मुम जायज छ, र तयम्मुम चाहिं वोजु अथवा स्नानको सट्टामा हुन्छ, यदि निम्न कारणहरु मध्ये कुनै कारण पाइएको छ भने :

१ - यदि पानी उप्लबध छैन, अथवा उप्लबध छ तर पवित्रताको लागि प्रयाप्त मात्रामा छैन भने सबभन्दा पहिला पानि खोजने प्रयास गर्ने, र फेरि पानि न पाए पछि तयम्मुम गर्ने, अथवा पानी नजिकै होस, तर त्यस्लाई प्राप्त गर्नमा ज्यानको अथवा मालको खतरा छ भने ।

२ - यदि पवित्र गर्न खोजेको अँगमा घाउ छ भने त्यस्लाई पानीले धोने, तर यदि पानीले धोनु हानिकारक छ भने त्यस माथि मसह गर्ने, अर्थात आफनो हात भिजाएर त्यस माथि

फेरने, तर यदि मसह पनि हानिकारक हुनसक्छ भने त्यस्को सट्टामा तयम्मुम गर्ने र बांकि सबै अँगलाई धुने ।

३ - यदि मौसम अथवा पानी धेरै चिसो छ र पानि प्रयोग गर्नमा खतरा छ भने ।

४ - यदि पानी छ तर मात्र पिउनको लागि छ भने तयम्मुम गर्ने ।

**तयम्मुमको तरिका** यो हो कि मनमा नियत अर्थात इच्छा गर्ने, फेरि दुवै हत्केलीलाई एक चोटि माटोमा राखने, फेरि अनुहार माथि मसह गर्ने, फेरि बायाँ हातको भित्रि भागले दायाँ हातको उपरि भाग माथि मसह गर्ने, फेरि दायाँ हातको भित्रि भागले बायाँ हातको उपरि भाग माथि ।

जस्ले गर्दा वोजु भँग हुन्छ त्यसैले गर्दा तयम्मुम पनि भँग हुन्छ, र जस्ले पानी न पाएको कारण त्यम्मुम गरेको छ भने नमाज भन्दा पहिला अथवा नमाजको समयमा पानीको उपलबधिले पनि तयम्मुम भँग भइहाल्छ, तर यदि नमाज पढि सके पछि पानी उपलबध भयो भने नमाज सही हुन्छ, त्यस्लाई दोहरियाउनु जरुरि हुँदैंन ।

## मासिक धर्म र प्रसौति ।

मासिक धर्म र प्रसौतको समयमा नमाज पढनु अथवा बर्त बसनु जायज छैन, हजरत आइशाको हदिसमा छ कि रसुल ﷺले भन्नु भयो «मासिक शुरु भए पछि नमाज छाडि देउ, र मासिक समाप्त भए पछि रगत धोएर नमाज पढ» (मुत्तफकुन्अलैह - ३३१, ३३३) र छाडिएको नमाज कजा गर्नु पर्दैन अर्थात अर्को समयमा पढनु पर्दैन, तर बर्तको चाहिं कजा गर्नु पर्छ, त्यस्तै मासिक भएकि महिलालाई तवाफ गर्नु जायज छैन, र यस्तो

अवसथामा श्रीमान र श्रीमतिको बीच समभोग पनि बर्जित गरिएको छ, तर समभोग बाहेक अरु तरिकाले माया गर्नु र मज्जा लिनु जायज छ, मासिकको समयमा कुरआन छुनु पनि जायज छैन । र रगत रुकनको साथै महिला पवित्र भइहाल्छ, तर स्नान गर्नु जरुरि हुन्छ, र त्यस पछि बर्जित गरिएको सबै कुराहरु पुर्ण जायज भइहाल्छ।

कुनै नमाजको समयमा नमाज पढने भन्दा पहिला यदि मासिक अथवा प्रसौत शुरु भयो भने सही कुरो यो हो कि पवित्र भए पछि त्यो नमाज कजा गर्नु पर्छ, यदि कुनै महिला नमाजको समय सकिने भन्दा मात्र एक रकत बराबर पहिला पवित्र भएकि हो भने त्यो नमाज पढनु जरुरि हुन्छ, र त्यस्को साथ जम्मा गरिने नमाज पनि कजा गर्नु उचित छ, उदाहरण यस्तो हो कि यदि सुर्य अस्त हुने भन्दा एक रकत बराबर पहिला पवित्र भएकि हो भने असरको नमाज पढनु जरुरि हुन्छ र जोहरको नमाज कजा गर्नु उचित हुन्छ, र यदि आधि रात भन्दा पहिला पवित्र भएकि हो भने ईशाको नमाज पढनु जरुरि हुन्छ, र मगरिबको नमाज कजा गर्नु उचित हुन्छ ।

## أحكـام الصـلاة
## नमाजको विषय

नमाज ईस्लामको दोश्रो आधार हो, जुन् हरेक वयस्क, बुद्धिमान, र मुस्लिम प्रति अनिवार्य छ, र त्यस्को अनिवार्यताको बिरोधी काफिर छ भन्ने कुरामा समस्त मुस्लिम समुदायले सहमति जनाइएको छ, धिला सुस्तिका कारण पुर्ण रुपले नमाज छोडिदिएको व्यक्तिले पनि अधिक सहाबाको बिचारमा काफिर हुन्छ, प्रलोकको दिन सबभन्दा पहिला मानिसहरुले यसैको हिसाब किताब दिनेछ, अल्लाह तआलाले भन्नु भयो: ﴿إِنَّ ٱلصَّلَوٰةَ كَانَتْ عَلَى ٱلْمُؤْمِنِينَ كِتَٰبًا مَّوْقُوتًا﴾ النساء: ١٠٣ मोमिनहरुलाई निर्धारित समयमा नमाज पढनु अनिवार्य छ। र ईब्ने उमर ﵁को हदिसमा छ कि नबी ﷺले भन्नु भयो «ईस्लामको बुन्याद पाँच कुराहरु माथि राखिएको छ, अल्लाह बाहेक कोही पुज्य छैन र मोहम्म्द ﷺ अल्लाहको दुत हो भन्ने कुराको गवाही दिने, नमाज कायम गर्ने, जकात (दान)दिने, हज गंर्ने, र ब्रत बसने»(मुत्तफकुन्अलैह - ८, १६) र जाबिर बिन अब्दुल्लाह ﵁ले भन्नु भयो कि मैले रसुल ﷺलाई भन्दै सुनेको छु कि «कुनै व्यक्तिको बीच र शिर्क तथा कुफ्रको बीच यदि कुनै अन्तर छ भने त्यो नामाज हो» (मुस्लिम - ८२)।

त्यस्तै नमाजमा धेरै ठुलठुला गुण र विशेषताहरु छन्, त्यस मध्ये अबुहोरैरह ﵁को हदिसमा छ कि रसुल ﷺले भन्नु भयो «जुन सुकै व्यक्तिले आफनो घरमा वोजु गरेर नमाजको लागि मस्जिद

तिर हिंडनु हुन्छ भने त्यस्को एक पाइलाले पाप झडिदिन्छ त अर्कोले दर्जा बुलन्द गरिदिन्छ»(मुस्लिम- ६६६) र अबुहोरैरह ﷺ कै अर्को हदिसमा छ कि रसुल ﷺले भन्नु भयो «के म तिमीहरुलाई यस्तो कुरा तिर प्रदर्शित न गरौं जस्को कारण अल्लहले पाप मेटिदिन्छ र दर्जा बुलन्द गरिदिन्छ» सबैले भन्नु भयो, किन न भन्ने हे अल्लाहको रसुल, त वहाँले भन्नु भयो «कष्ट हुँदा पनि वोजु पुरा गर्ने, र मस्जिद तिर अधिक कदम उठाउने, र एक नमाज पछि अर्को नमाजको प्रतिक्षा गर्ने, यही रेबात हो अर्थात सिमा सुरक्ष हो»(मुस्लिम-२५१) र अबुहोरैरह ﷺको अर्को हदिसमा छ कि रसुल ﷺले भन्नु भयो «जुन सुकै व्यक्तिले बिहान र साँझको समय मस्जिदमा जानु हुन्छ भने जब जब त्यो मस्जिदमा जानु हुन्छ तब तब अल्लाहले स्वर्गमा त्यस्को लागि एउटा ठाउँ तैयार गर्नु हुन्छ»(मुत्तफकुन्अलैह - ६६२, ६६९) ।

**नमाजको संबन्धमा महत्व पुर्ण कुराहरु निम्न अनुसार छ :**

१ - पुरुषहरुको लागि मस्जिदमा गएर सामुहिक रुपले नमाज पढनु अनिवार्य छ, हदिसमा छ कि रसुल ﷺ ले भन्नु भयो «मैले यो ठानेको छु कि कसैलाई नमाज पढाउने आदेश दिउँ र म आफै गएर यस्तो व्यक्तिहरुको घरमा आगो लगाइदिउँ जुन् नमाजमा उपस्थित हुँदैनन्» (मुत्तफकुन्अलैह - २४२, ६५१) ।

२ - छिटै र शान्ति पुर्वक तरिकाले मस्जिद तिर लाग्ने ।

३ - मस्जिदमा प्रवेश गर्दा पहिला आफनो दायाँ खुट्टा भित्र राखने र सुन्नत अनुसार यो दुआ (प्रार्थणा) गर्ने (اللهم افتح لي ابواب

(رحمتك, हे अल्लाह! मेरो लागि तपाई आफनो दयाको धोका खोलि देउ। (मुस्लिम - १६५२)

४ - बसनु भन्दा पहिला दुइ रकत तहियतुल मस्जिद अर्थात मस्जिदको सलामी पढनु सुन्नत छ, अबुकतादा رضي الله عنهको हदिसमा छ कि रसुल ﷺले भन्नु भयो ‹‹यदि तिमीहरु मध्ये कोही मस्जिदमा प्रवेश गर्दछौं भने बसनु भन्दा पहिला दुइ रकत नमाज पढोस›› (मुत्तफकुन्अलैह -४४४,७१४)

५ - नमाजमा आफनो गुप्तलिङ्गलाई छोपनु अनिवार्य छ, पुरुषको गुप्तलिङ्ग नाइटो देखि घुँडा सम्म हुन्छ, र महिलालाई नमाजमा अनुहार बाहेक पुरा शरिर छोपनु पर्छ।

६ - काबाको दिषामा मुख गर्नु जरुरि छ, र यो नमाजको स्विकृतिको शर्त हो, यदि रोग अथवा अन्य कुनै बाध्यता छैन भने।

७ - त्यस्तै समय मै नमाज पढनु अनिवार्य छ, समय भन्दा अघि नै पढेको नमाज सही हुँदैन, र समय भन्दा ढिलो गर्नु पनि बर्जित गरिएको छ।

८ - नमाजको लागि छिटो जानु, र प्रथम पंक्तिमा बसने प्रयास गर्नु, र नमाजको प्रतिक्षा गर्नु पुण्यको ठुलो कार्य हो, अबुहोरैरह رضي الله عنهको हदिसमा छ कि रसुलﷺले भन्नु भयो‹‹यदि मानिसहरुलाई थाहा भइहालोस कि अजान र प्रथम पंक्तिमा के राखेको छ भने त्यो प्राप्त गर्नको लागि यदि चिट्ठा हाल्नु पर्छ भने उनीहरुले चिट्ठा पनि हाल्ने गर्छन्, र यदि यो थाहा भइहालोस कि नमाजको लागि छिटो जानमा के राखेको छ भने त्यस्को लागि एकअर्का भन्दा अघि पुगने प्रयास गर्ने गर्छन्››(मुत्तफकुन्अलैह-६१५, ४३७)। र अबुहोरैरह कै अर्को हदिसमा छ कि रसुल ﷺले भन्नु भयो

«तिमीहरु मध्ये कसैलाई जब सम्म नमाजले रोकि राखेको छ भने तब सम्म त्यो नमाज मै हुन्छ.....हदिस» (बोखारी र मुस्लिम - ६५९,६४९)

## नमाजको समय।

– जोहर नमाजको समय सुर्य ढलिने देखि हरेक वस्तुको छाया त्यस बराबर हुने सम्म हो ।

– असर नमाजको समय हरेक वस्तुको छाया त्यस बराबर हुने देखि सुर्य अस्त हुने सम्म हो।

– मग्रिब नमाजको समय सुर्य अस्त हुने देखि रातोपन समाप्त हुने सम्म हो ।

– एशा नमाजको समय रातोपन समाप्त हुने देखि आधि रात सम्म हो ।

– फजर नमाजको समय फजर उदय हुने देखि सुर्य उदय हुने सम्म हो।

## जुन ठाउँमा नमाज सही हुँदैन।

१ - चिहान, रसुल ﷺले भन्नु भयो «शौचालय र चिहान बाहेक समस्त धरति नमाज पढनको ठाउँ हो» तर जनाजाको नमाज चाहिं चिहानमा पढनु जायज छ ।

२ - कबरको दिशामा नमाज पढने, अबु मिर्सद अलगनवी ﷺले भन्नु भयो कि मैले रसुल ﷺ लाई भन्दै सुनेको छु कि «कबरको दिशामा नमाज न पढ, र त्यस माथि न बस» (मुस्लिम -९७३) ।

३ - उँटहरु बसने ठाउँमा र अन्य कुनै पनि अपवित्र ठाउँमा नमाज पढनु जायज छैन ।

## नमाजको कैफियत।

नमाजको लागि नियतको उपस्तिथी अवश्यक छ, जस्तो अन्य हरेक उपासनामा पनि त्यस्को उपस्तिथी अवश्यक हुन्छ, र नियत चाहिं मन्मा हुन्छ मुखले त्यो भन्नु पर्दैन, नमाजको कैफियत निम्न अनुसार छ।

१ - आफनो सम्पुर्ण शरिरले काबाको दिशामा होनु, त्यस बाहेक अरु कुनै दिषामा न हुने र नत अरु कतै हेर्ने।

२ - फेरि तक्बिरतुल एहराम भन्ने (الله اكبر) अल्लाह धेरै महान छ, र तक्बिरको समय आफनो दुवै हात काँध अथवा कान सम्म उठाउने।

३ - फेरि आफनो दायाँ हत्केलीलाई आफनो बायाँ हत्केलीको उपरि भागमा राखि छातिमा राखने।

४ - फेरि दोआए इस्तिफताह पढने (الحمدلله حمداً كثيراً طيباً مباركاً فيه) प्रशंसा अल्लाहका लागि नै छन्, धेरै, पवित्र, र वढदो प्रशंसा।(मुस्लिम - ६००) अथवा यो दुआ पढने (سبحانك اللهم وبحمدك، وتبارك اسمك، وتعالى جدك، ولا إله غيرك) हे अल्लाह! तपाई पवित्र हुनु हुन्छ, सबै किसिमको प्रशंसाहरु मात्र तपाइकै लागि छन्, तपाइको नाम शुभ छ, तपाइ प्रतिभाशाली र उच्च हुनु हुन्छ, र तपाई बाहेक कोही पुज्य छैन्। (अबुदाऊद र तिर्मिजी - ७७५, २४२ र अलबानीले सही भनेको) अथवा यस बाहेक नमाज शुरु गर्नको दुआहरु मध्ये अन्य कुनै दुआ पढने, र उत्तम यो हो कि संधै एउटै दुआ न पढने बरु कहिले कुनै दुआ पढने त कहिले कुनै, किन भने यो विनम्रता र मनको उपस्तिथीमा अधिक सहायता पुर्याउँछ।

५ - फेरि अल्लाहको शरण माँगदा यो भन्ने: ﴿ أَعُوذُ بِاللَّهِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ ﴾ हे अल्लाह! म धुत्कारिएको शैतानबाट तपाइको शरण चाहन्छु ।

६ - फेरि ﴿ بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ ﴾ भन्ने, म शुरु गर्दछु अल्लाहको नामबाट जुन् अत्यन्त दयालु र अति कृपालु छन् । र सुर: फातेहा पढने ﴿ الْحَمْدُ لِلَّهِ رَبِّ الْعَالَمِينَ ۝٢ الرَّحْمَٰنِ الرَّحِيمِ ۝٣ مَالِكِ يَوْمِ الدِّينِ ۝٤ إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ ۝٥ اهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيمَ ۝٦ صِرَاطَ الَّذِينَ أَنْعَمْتَ عَلَيْهِمْ غَيْرِ الْمَغْضُوبِ عَلَيْهِمْ وَلَا الضَّالِّينَ ۝٧ ﴾ آمين الفاتحة सारा प्रशंसा अल्लाहका लागि हुन् जुन् सम्पुर्ण ब्रहमाण्डको पालन्कर्ता छन्, अत्यन्त दयालु अति कृपालु छन्, क्यामतको दिनको स्वामी हुन्, हामी तिम्रै उपासना गर्दछौं र तिमी सँग नै मद्दत चाहन्छौं, हामीलाई सोझो बाटो देखाउ, उनीहरुको बाटो जस्लाई तिमीले पुरस्कृत गर्यौ, तिनीहरुको होइन जस्माथि तिम्रो कोध भयो, नत पथ भ्रष्टहरुको बाटो । हे अल्लाह मेरो प्रार्थना स्वीकार गर ।

७ - फेरि कुरआनबाट जति पढन सकनुहुन्छ भने त्यति पढने ।

८ - फेरि आफनो दुवै हात काँधा सम्म उठाएर रोकुअमा जाने अर्थात निहुर्ने र (الله اكبر) अल्लाह धेरै महान हो भन्ने । र रोकुअमा आफनो दुवै हत्केलीको औंलाहरुलाई फुकाएर घुँडा माथि राखने र यो भन्ने (سبحان ربي العظيم) पवित्र छ मेरो महान पालन्कर्ता । यो तीन चोटि भन्नु सुन्नत छ तर अधिक भन्नु पनि जायज छ र एक चोटिले पनि पुगि हाल्छ ।

९ - फेरि एमाम (नमाज पढाउने व्यक्ति) र मुन्फरिद (एकलै नमाज पढने व्यक्ति)ले (سمع الله لمن حمده) अर्थात अल्लाहले सुन्नु भयो जस्ले उस्को प्रशंसा गर्नु भयो भन्दै आफनो टाउको रुकुअबाट उठाउने, साथै आफनो दुवै हात काँधा सम्म उठाउने, मामुम अर्थात एमाम सँग नमाज पढने व्यक्ति (سمع الله لمن حمده) को सट्टामा(ربنا ولك الحمد) भन्ने हे हाम्रो पालन्कर्ता! प्रशंसा चाहिं तिम्रै लागि हो । र आफनो दायाँ हत्केली बायाँ हत्केलीको उपरि भागमा राखि छातिमा राखने ।

१० -उभिएको समयमा यो भन्ने اللهمَّ لكَ الحَمدُ ملءَ السَّماوات وملءَ الأرض وملءَ ما شئتَ من شيءٍ بعدُ हे हाम्रो प्रभु! प्रशंसा मात्र तिम्रै लागि छन्, आकाश तथा धरतिको बराबर, र जुन् सुकै वस्तुहरु ती दुवैको बीचमा छन् ती सबैको बराबर, र त्यस थोकको बराबर जुन यस पछि तपाईले चाहनु हुन्छ ।

११ - फेरि पहिला सजदा गर्ने अर्थात माथा टेकने, सजदाको समय (الله اكبر) भन्ने, र आफनो सातौं अँगहरु माथि सजदा गर्ने, माथा नाक समेत, दुवै हत्केली, दुवै घुँडा, र खुट्टाको औंलाहरुको शुरुको भाग, पाखुराहरुलाई बगलबाट हटाएर राखने, र खुट्टाको औंलाहरुको शुरुको भागलाई काबाको दिषामा राखने, र सजदामा (سبحان ربي الأعلى) भन्ने, पवित्र छ मेरो महान पालन्कर्ता । त्यो तीन चोटि भन्नु सुन्नत छ, तर अधिक भन्नु पनि जायज छ र एक चोटिले पनि पुगि हाल्छ, सजदामा धेरै धेरै प्रार्थणा गर्नु उत्तम छ, किनकि सजदाको समय एउटा यस्तो समय हुन्छ जब प्रार्थना स्वीकार हुन्छ ।

१२ - फेरि (الله اكبر) भन्दै सजदाबाट आफनो टाउको उठाउने, दुवै सजदाको बीच आफनो बायाँ पाइला माथि बसने,

र दायाँ पाइला उठाइ राखने, दायाँ हातलाई दायाँ जाँघको किनारामा घँडाको नजिक राखने, र बायाँ हातलाई बायाँ जाँघको किनारामा घुँडाको नजिक राखने, र दुवै हातको औंलाहरु फुटकाएर राखने, र बसिएको समयमा यो भन्ने : (رب اغفر، رب اغفر لي) हे मेरो पालन्कर्ता ! मलाई माफ गर्देउ ।

१३ - फेरि दोश्रो सजदा गर्ने, र यस्मा पनि पहिलो सजदा जस्तै गर्ने ।

१४ - फेरि (الله اكبر) भन्दै दोश्रो सजदाबाट उठ्ने, र राम्रोसित उभिने ।

१५ - दोश्रो रकत पनि पहिलो रकत जस्तै पढ्ने, पहिलोमा भनेको कुराहरु र गरिएको कार्यहरु नै दोश्रोमा पनि गर्ने, मात्र नमाज शुरु गर्नको दुआ न पढने र ﴿أَعُوذُ بِاللَّهِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ﴾ न भन्ने, दोश्रो रकतको दोश्रो सजदा पछि यस्तै बसने जस्तो कि दुवै सजदाको बीचमा बसेको, तर अन्तर चाहिं के छ भने यहाँ बसदा आफनो दायाँ हातको औंलाहरुले समाथी राखने, र बीचको औंलालाई औंठा सँग गाँठने, र चोर औंलाले संकेत दिने, र यस बैठकमा तशहुद पढने, र आफनो चोर औंलालाई यो भन्दै हिलाउने أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللَّهُ وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पुज्य छैन, र मोहम्मद ﷺ अल्लाहको सेवक र रसुल हुन्। र तशहुद भनेको यो हो «التَّحِيَّاتُ لِلَّهِ وَالصَّلَوَاتُ وَالطَّيِّبَاتُ السَّلَامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللَّهِ وَبَرَكَاتُهُ السَّلَامُ عَلَيْنَا وَعَلَى عِبَادِ اللَّهِ الصَّالِحِينَ أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللَّهُ وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ» मौखिक उपासनाहरु र जिउ र मालको माध्यमले गरेको सबै उपासनाहरु मात्र

अल्लाहका लागि छन्, सलामती होस तपाई माथि हे अल्लाहको नबी, र अल्लाहको दया तथा उन्नती पनि, सलामती हो हामी माथि तथा अल्लाहका असल भक्तहरु माथि, म गवाही दिन्छु कि अल्लाह बाहे कोही पनि पुजनीय छैन, र म गवाही दिन्छु कि मोहम्मद ﷺ अल्लाहको भक्त, दास, तथा रसुल हुनु हुन्छ। (बोखारी-८३१) फेरि यदि नमाज तीन रकतको छ जस्तो कि मगरिब, अथवा चार रकतको छ जस्तो कि जोहर, असर, र एशा भने (الله اكبر) भन्दै र दुवै हात काँधा सम्म उठाउँदै उभिने, र बाँकिको नमाज दोश्रो रकत जस्तै पढने, तर अन्तर के छ भने उभिएको समय मात्र सुर: फातेहा पढने, र अन्तिम रकत को दोश्रो सजदा पछि तशहुद, र ईब्राहिमी दरुद पढने «التَّحِيَّاتُ لِلَّهِ وَالصَّلَوَاتُ وَالطَّيِّبَاتُ السَّلَامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللَّهِ وَبَرَكَاتُهُ السَّلَامُ عَلَيْنَا وَعَلَى عِبَادِ اللَّهِ الصَّالِحِينَ أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللَّهُ وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلَى إِبْرَاهِيمَ وَعَلَى آلِ إِبْرَاهِيمَ إِنَّكَ حَمِيدٌ مَجِيدٌ اللَّهُمَّ بَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا بَارَكْتَ عَلَى إِبْرَاهِيمَ وَعَلَى آلِ إِبْرَاهِيمَ إِنَّكَ حَمِيدٌ مَجِيدٌ» मौखिक उपासनाहरु र जिउ र मालको माध्यमले गरेको सबै उपासनाहरु मात्र अल्लाहका लागि छन्, सलामती होस तपाइ माथि हे अल्लाहको नबी, र अल्लाहको दया तथा उन्नती पनि, सलामती होस हामी माथि तथा अल्लाहका असल भक्तहरु माथि, म गवाही दिन्छु कि अल्लाह बाहे कोही पनि पुजनीय छैन, र म गवाही दिन्छु कि मोहम्मद ﷺ अल्लाहको भक्त, दास, तथा रसुल हुनु हुन्छ । हे अल्लाह ! दया गर मोहम्मद ﷺ माथि, र वहाँको सन्तानहरु माथि, जस्तो कि तपाईले दया गर्नु भयो ईब्राहीम, र

वहाँको सन्तानहरु माथि, निसन्देह तपाई प्रशंसा योग्य तथा महान हुनु हुन्छ, हे अल्लाह! उन्नती प्रदान गर मोहम्मद ﷺ र वहाँको सन्तानहरुलाई जस्तो कि तपाइले उन्नती प्रदान गर्नु भयो ईब्राहीम र वहाँको सन्तानहरुलाई, निसन्देह तपाइ प्रशंसा योग्य र सर्वश्रेष्ट हुनु हुन्छौं ।

त्यस पछि जे चाहेको हो त्यो दुआ गर्ने, अधिक दुआ गर्नु सुन्नत छ, र हदिसमा आएको यो दुआ गर्ने «اللّٰهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ عَذَابِ الْقَبْرِ وَمِنْ عَذَابِ النَّارِ وَمِنْ فِتْنَةِ الْمَحْيَا وَالْمَمَاتِ وَمِنْ فِتْنَةِ الْمَسِيحِ الدَّجَّالِ» हे अल्लाह ! म तपाइको शरण चाहन्छु चिहानको सजायबाट, र नर्कको सजायबाट, र जिवन र मृत्युको परिक्षाबाट, र दज्जालको परिक्षाबाट ।

१६ - फेरि आफनो दायाँ तर्फ यो भन्दै सलाम फेरने (السلام عليكم ورحمة الله) शान्ति र अल्लाहको दया होस तिमीहरु माथि, र बायाँ तर्फ पनि यस्तै गर्ने ।

१७ - जोहर, असर, मगरिब, र एशाको अन्तिम तशहुदमा सुन्नत यो हो क़ि आफनो दायाँ पाइला उठाइ राखने, र बायाँ पाइला दायाँ पिंडलीको तलबाट निकालने, र धरतिमा बसने, र दुवै हात यस्तै राखने जस्तो कि प्रथम तशहुदमा राखेका थियौं ।

## नमाज समाप्त भएपछिको दुआ ।

«أَسْتَغْفِرُ اللّٰهَ أَسْتَغْفِرُ اللّٰهَ أَسْتَغْفِرُ اللّٰهَ اللّٰهُمَّ أَنْتَ السَّلَامُ وَمِنْكَ السَّلَامُ تَبَارَكْتَ ذَا الْجَلَالِ وَالْإِكْرَامِ» म अल्लाहसित क्षमा माँगदछु, म अल्लाहसित क्षमा माँगदछु, म अल्लाहसित क्षमा माँगदछु, हे अल्लाह ! तपाई सलाम हुनु हुन्छ, अर्थात शान्तिलाई मन पराउनु हुन्छ, र तपाई शान्ति प्रदान गर्नु हुन्छ, हे महान

तथा प्रतिष्ठित अल्लाह ! तपाई कल्यानकारी हुनु हुन्छ । (मुस्लिम - ५९१)

«لَا إِلَهَ إِلَّا اللَّهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ اللَّهُمَّ لَا مَانِعَ لِمَا أَعْطَيْتَ وَلَا مُعْطِيَ لِمَا مَنَعْتَ وَلَا يَنْفَعُ ذَا الْجَدِّ مِنْكَ الْجَدُّ» अल्लाह बाहेक कोही पनि पुजनीय छैन, वहाँ एकलो हुनु हुन्छ, उस्को कोही पनि साझेदार छैन, उसैको लागि राज्य छ, तथा उसैको लागि सबै प्रकारका प्रशंसाहरु छन्, र सबै कुराहरु माथि उसैको अधिकार छ, हे अल्लाह ! जे सुकै पनि तपाईले दिनु हुन्छ भने त्यस्लाई कोही पनि मनाही गर्न र छेक्न सक्दैन, र जे सुकै पनि तपाईले मनाही गरिदिनु हुन्छ भने त्यस्लाई कोही पनि प्रदान गर्न सक्दैन, र धनी मान्छेलाई उस्को धनले तपाइको सजायबाट मुक्ति दिन सक्दैन । (मुत्तफकुन्अलैह- ८४४, ५९३)

« لاَ إِلَهَ إِلاَّ اللَّهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَىْءٍ قَدِيرٌ لاَ حَوْلَ وَلاَ قُوَّةَ إِلاَّ بِاللَّهِ لاَ إِلَهَ إِلاَّ اللَّهُ وَلاَ نَعْبُدُ إِلاَّ إِيَّاهُ لَهُ النِّعْمَةُ وَلَهُ الْفَضْلُ وَلَهُ الثَّنَاءُ الْحَسَنُ لاَ إِلَهَ إِلاَّ اللَّهُ مُخْلِصِينَ لَهُ الدِّينَ وَلَوْ كَرِهَ الْكَافِرُونَ » अल्लाह बाहेक कोही पनि पुजनीय छैन, वहाँ एकलो हुनु हुन्छ, उस्को कोही पनि साझेदार छैन, उसैको लागि राज्य छ, तथा उसैको लागि सबै प्रकारको प्रशंसाहरु छन्, र सबै कुराहरु माथि उसैको कधिकार छ, अल्लाहको मद्दत बिना कुनै प्रकारको शक्ति र क्षमता हुँदैन, अल्लाह बाहेक कोही पनि साँचो पुजनीय छैन, वहाँ बाहेक हामी अरु कसैको उपासना गर्दैनौं, सबै प्रकारको नेमत, प्रतिष्ठा, र प्रशंसा उसैको लागि हो, अल्लाह बाहेक कोही पनि साँचो

पुजनीय छैन, हामीले वास्तविक रुपमा उसैको उपासना गर्दछौं, यधापि नास्तिकहरुलाई नराम्रो किन न लागोस। (मुस्लिम-५९४)
त्यस पछि तैंतीस चोटि(سبحان الله) अल्लाह पवित्र छ, तैंतीस चोटि (الحمد لله) सबै प्रकारको प्रशंसा अल्लाहकै लागि छन्, र तैंतीस चोटि (الله اكبر) अल्लाह महान छ भन्ने, र सय पुरा गर्नका लागि यो भन्ने « لاَ إِلَهَ إِلاَّ اللَّهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ» अल्लाह बाहेक कोही पनि पुजनीय छैन, वहाँ एकलो हुनु हुन्छ, उस्को कोही पनि साझेदार छैन, उसैको लागि राज्य छ, तथा उसैको लागि सबै प्रकारको प्रशंसाहरु छन्, र सबै कुराहरु माथि उसैको कधिकार छ ।
फेरि आयतुल कुर्सी, कुलहो वल्लाहो अहद, र कुल अउजो बेरब्बिन्नास हरेक नमाज पछि पढने, र फजर र मगरिब नमाजमा यी तीनौ सुरःलाई तीन तीन चोटि दोहरियाउनु उचित छ।

## नमाजमा मस्बुक भएको बारे।

मसबुक भनेको त्यो व्यक्ति हो जस्को एक रकत अथवा त्यस भन्दा अधिक नमाज एमाम सँग छुटिएको हो , र यसो भए एमाम सँग जति नमाज पाइएको छैन भने एमामले दोश्रो सलाम फेरिसके पछि त्यस्लाई पुरा गर्नु पर्छ, र उस्को नमाज उसै रकतबाट शुरु हुन्छ जुन रकतमा त्यो एमामलाई पाइएको छ, र एमाम सँग यदि रोकुअ पाइयो भने पुरा रकत पाइयो, र यदि रोकुअ पाइएन भने पुरा रकत छुटियो ।
मसबुक भएको व्यक्तिको लागि उचित यो हो कि मस्जिदमा प्रवेश हुने बित्तीकै मानिसहरु जुन अवस्थामा छन् त्यही

अवस्थामा उनीहरु सँग जुडिहाल्ने, यधापि उनीहरु उभिएको होस, अथवा रोकुअमा होस, अथवा सजदामा होस, अथवा अरु कुनै अवस्थामा, तर अर्को रकतका लागि उभिने सम्म प्रतिक्षा गर्नु उचित छैन, र उभिएर तक्बिरतुल एहराम भन्नु पर्छ, तर रोग अथवा अरु कुनै कारणले उभिन नसकिने व्यक्तिहरुको लागि अनिवार्य छैन ।

## नमाज भँग गर्ने कुराहरू ।

१ - जानी जानी कुराकानि गर्ने, थोरै किन नहोस।

२ - काबाको दिषा छोडेर अर्को दिशामा पुर्ण शरिरलाई फरकाउनु ।

३ - वोजु भँग गर्ने कारणहरु मध्ये कुनै कारण भएमा ।

४ - आवश्यक्ता न भएको कार्यहरु लगातार जारि राखने ।

५ - हाँसने, थोडै किन नहोस ।

६ - जानी जानी नमाजमा रोकुअ, अथवा सजदा, अथवा क्याम, अथवा कोऊद थप गरिने ।

७ - जानी जानी नमाजको बिधिमा एमाम भन्दा अगाडि जाने ।

## नमाजको वाजेबात (अनिवार्य कुराहरू) ।

१ - तक्बिरतुल एहराम बाहेक नमाजमा भनेको सबै तक्बिर ।

२ - रोकुअमा एक चोटि (سبحان ربي العظيم) भन्ने।

३ - एकलो नमाज पढ्दा अथवा सामुहिक नमाजमा एमामको लागि यो अनिवार्य छ कि रोकुअबाट उठिने समय (سمع الله لمن حمده) भन्ने ।

४ - रोकुअबाट उठिसके पछि (ربنا ولك الحمد) भन्ने ।

५ - सजदामा एक चोटि (سبحان ربي الأعلى) भन्ने ।

६ - दुवै सजदाको बीचमा (رب اغفر لي) भन्ने ।
७ - प्रथम तशहुद ।
८ - प्रथम तशहुदको लागि बसने ।

## नमाजको स्तम्भहरू।

१ - फर्ज अर्थात अनिवार्य नमाजमा उभिने, यदि शक्ति छ भने, र नफिल नमाजमा उभिनु अनिवार्य छैन, तर बसेर पढेको नमाजमा उभिएर पढेको नमाज भन्दा आधा पुण्य पाइन्छ ।
२ - तक्बिरतुल एहराम ।
३ - हरेक रकतमा सुरःफातेहा पढने ।
४ - हरेक रकतमा रोकुअ गर्ने ।
५ - रोकुअ पछि सिधा खडा हुने ।
६ - हरेक रकतमा दुइ चोटि सातौं अँगहरुले सजदा गर्ने ।
७ - दुवै सजदाको बीचमा बसने ।
८ - उल्लेख सबै कार्यहरु शान्ति पुर्वक तरिकाले गर्ने ।
९ - अन्तिम तशहुद ।
१० - अन्तिम तशहुदमा बसने ।
११ - नबी ﷺ माथि दरुद पठाउने ।
१२ - सलाम फेरने ।
१३ - हरेक स्तम्भलाई अ-आफनो पालो र समयमा गर्ने ।

## नमाजमा सहू अर्थात भूलचूक।

सहु भनेको बिर्सनु हो, यदि आफनो नमाजमा केही बिर्सनु भएछ, जस्तो नमाजमा केही थप गरेको, अथवा घटाइएको, अथवा घटथप मध्ये सन्देह भएको छ भने त्यस्का लागि सजदा सहु गर्नु पर्छ ।

यदि नमाजमा बिर्सेर केही थप गर्नु भएछ, जस्तो कि केयाम (उभिनु) रोकुअ, कोउद (बैठक) र यस्तै अरु केही थप गर्नु भएछ भने सलाम फेरे पछि दुइ सजदा गर्नु पर्छ । त्यस्तै बिर्सेर यदि नमाजमा केही घटाउनु भएछ जस्तो कि नमाजको कार्यहरु मध्ये कुनै कार्य अथवा भन्ने कुराहरु मध्ये केही छोडिएको छ जो कि नमाजको स्तम्भहरु मध्ये छ र अर्को रकतको लागि कुरआन पढन शुरु गर्ने भन्दा पहिला याद आयो भने त्यो रकत छोडेर पहिला त्यो स्तम्भ अदा गर्नु पर्छ र त्यस पछि बाँकि नमाज पुरा गर्ने, र अन्तिममा सजदा सहु गर्ने, तर यदि अर्को रकतको लागि कुरआन पढन शुरु गरे पछि याद आयो भने जुन रकतमा त्यो स्तम्भ छुटिएको छ त्यो रकत भँग भइहाल्छ र त्यस पछिको रकत त्यस्को सट्टामा हुन्छ ।

र यदि छोडिएको स्तम्भ बारे सलाम फेरे पछि थाहा भयो र अझै लामो समय बितेको छैन भने एक रकत नमाज पढने र सजदा सहु गर्ने, र यदि लामो समय बितिसकेछ अथवा वोजु भँग भइसकेको छ भने नमाज दोहरियाउनु पर्छ । र यदि कुनै वाजिब अर्थात अनिवार्य बिधिलाई बिर्सेको छ जस्तो कि प्रथम तशहुदको बैठक, अथवा नमाजको अनिवार्य कार्यहरु मध्ये यस्तै अरु कुनै कार्य बिर्सेको छ भने सलाम फेरने भन्दा पहिला दुइ चोटि सजदा सहु गर्ने ।

तर सन्देहको अवस्थामा, यदि रकतको गिण्तिमा सन्देह भएको छ जस्तो कि यो सन्देह भयो कि दुइ रकत नमाज पढेको कि तीन रकत भने कमको हिसाबले नमाज पुरा गर्ने, किनकि कमको बारेमा कुनै सन्देह छैन, र सलाम फेरने भन्दा पहिला सजदा सहु गर्ने, र यदि कुनै स्तम्भ छुटेको बारे सन्देह भयो भने नमाज यस्तो पढनु पर्छ जस्तो कि वासतवमा त्यो स्तम्भ छुटिएको हो,

तसर्थ त्यो अदा गर्ने र फेरि त्यस पछिको कार्य गर्ने, र सलाम फेरने भन्दा पहिला सजदा सहु गर्ने । र यदि सन्देह भएको कुराहरु मध्ये कुनै कुरा प्रति अधिक विशवास छ भने त्यही अनुसार काम गर्ने र सजदा सहु गर्ने ।

## सुन्नत नमाजहरू।

हरेक मुस्लिम पुरुष र महिलालाई चाहियो कि यात्रामा न भएको अवस्थामा सँधै बारह १२ रकत नमाज पढने प्रयास गरोस, जोहर भन्दा पहिला चार रकत, र त्यस पछि दुइ रकत, मगरिब पछि दुइ रकत, एशा पछि दुइ रकत, र फजर भन्दा पहिला दुइ रकत, उम्मे हबिबाले भन्नु भयो कि मैले रसुल ﷺलाई भन्दै सुनेको छु कि «जुन सुकै मुस्लिमले अल्लाहको लागि प्रत्यक दिन अनिवार्य नमाजहरु बाहेक बारह रकत नफिल नमाज पढनु हुन्छ भने त्यस्को लागि अल्लाहले स्वर्गमा घर बनाउँछ,» (मुस्लिम - ७२८)। नफिल नमाज र खास गरि सुन्नत नमाज घर मै पढनु उत्तम छ, जाबिर बिन अब्दुल्लाह رضي الله عنهको हदिस हो कि रसुल ﷺले भन्नु भयो «तिमीहरु मध्ये यदि कसैको नमाज मस्जिदमा पुरा भइसक्यो भने त्यो आफनो घरमा पनि नमाज पढोस, किनकि घरको नमाजमा अल्लाहले धेरै लाभ राखेको छ»(मुस्लिम - ७७८)

बोखारि र मुस्लिममा जैद बिन साबित رضي الله عنه बाट रसुल ﷺको यो हदिस उल्लेख छ कि «.... अनिवार्य नमाजहरु बाहेक अरु नमाज घरमा पढनु उत्तम छ» (मुत्तफकुन्अलैह - ६११३,७८१)

## वित्रको नमाज।

वित्रको नमाज पढनु सुन्नत हो, सुन्नते मोअक्कदा, र त्यस्को समय चाहिं एशा नमाज पछि देखि फजर उदय हुने सम्म हुन्छ, तर उत्तम समय रातिको अन्तिम भाग हो, यदि त्यो समयमा उठिने आतमविशवास छ भने, र यो यस्तो सुन्नत हो जस्लाई रसुल ﷺले कहीले छोडनु भएन, बरु घरमा र यात्रामा सँधै पढने गर्नु हुन्थ्यो, र कम्तीमा एक रकत नमाज पढनु पर्छ, रसुल ﷺ रातिमा ग्यारह ११ रकत नमाज पढने गर्थे, जस्तो कि हजरत आएशाको हदिसमा छ «रसुल ﷺ रातिमा ग्यारह ११ रकत नमाज पढने गर्थे, त्यस मध्ये एक रकत वित्र हुन्थ्यो....» (मुस्लिम - ७३६) र रातिको नमाज दुइ दुइ रकत हुन्छ, ईब्ने उमर رضي الله عنهको हदिसमा छ कि कसैले रसुल ﷺ सित रातिको नमाज बारे सोध्नु भयो त रसुल ﷺले भन्नु भयो «रातिको नमाज दुइ दुइ रकत हो, यदि तिमीहरु मध्ये कसैलाई बिहान भइहाल्ने डर लागयो भने एक रकत नमाज पढिहाल्ने किनभने त्यो एक रकत नमाज सम्पुर्ण नमाजलाई वित्र बनाइदिन्छ» (मुस्लिम - ७४९) ।

वित्रको नमाजमा रोकुअ पछि कहिले दुआए कोनुत पढनु राम्रो छ, किनकि हसन बिनअली رضي الله عنه को हदिसमा छ कि रसुल ﷺले वहाँलाई वित्रको दुआ सिखाउनु भयो, तर सँधै न पढने, किनकि जति व्यक्तिहरुले नबी ﷺको नमाजको कैफियत ब्यान गर्नु भएकोछ उनीहरु मध्ये अधिक व्यक्तिहरुले कोनुतको चर्चा गर्नु भए छैन । त्यस्तै जस्को रातिको नमाज छुटेको हो भने दिनमा जोडा जोडा कजा गर्नु उत्तम छ, जस्तो कि दुइ रकत, अथवा

चार रकत, अथवा छ रकत, अथवा आठ रकत, अथवा दस रकत, अथवा बारह रकत, किनकि नबीﷺले यस्तै गर्नु भएछ ।

## फजरको दुई रकत ।

रसुल ﷺले जुन् सुन्नतहरुलाई सँधै पढनु हुन्थ्यो र कहिले न छोडने गर्नु हुन्थ्यो त्यस मध्ये फजरको दुइ रकत सुन्नत पनि हो, हजरत आएशाको हदिस छ कि «नबी ﷺ फजरको दुइ रकत सुन्नत बाहेक अरु कुनै नफिल नमाजको पालन त्यति गर्नु हुन्थिएन» (मुत्तफकुन्अलैह - ११६३, ७२४) र यस कारणले पनि कि नबी ﷺले ती दुवै रकतको बारेमा भन्नु भएछ «ती दुइ रकत मेरो लागि समस्त संसार भन्दा अधिक प्रिय छ» (मुस्लिम- ७२५)

पहिलो रकतमा सुरः (قل يا ايها الكافرون) र दोश्रो रकतमा सुरः (قل هو الله احد) पढनु सुन्नत हो, र कहिले पहिलो रकतमा यो आयत पढने ﴿ قُولُوٓاْ ءَامَنَّا بِٱللَّهِ وَمَآ أُنزِلَ إِلَيۡنَا ... ﴾ البقرة: ١٣٦ र दोश्रो रकतमा आل ﴿ قُلۡ يَٰٓأَهۡلَ ٱلۡكِتَٰبِ تَعَالَوۡاْ إِلَىٰ كَلِمَةٖ سَوَآءِۭ بَيۡنَنَا وَبَيۡنَكُمۡ... ﴾ عمران: ٦٤, साथै सुन्नत यो हो कि ती दुइ रकतलाई बिसतार पुर्वक न पढने बरु हलका पढने, किन भने नबीﷺ ले यस्तै पढेको छ, र जस्ले फजर नमाज भन्दा अघि ती दुइ रकत पढन पाएन भने नमाज समाप्त भए पछि त्यस्लाई कजा गर्न पाइन्छ, तर उत्तम यो हो कि सुर्य उदय भएर एक हात बराबर माथि आइ पुगे देखि सुर्य ढलने समयमा नमाज निषेध गरेको बेला सम्म कजा गरिहाल्ने ।

## चाशतको नमाज।

यो अव्वाबीन अर्थात क्षमा चाहनेवालोहरुको नमाज हो, र यो सुन्नते मोअक्कदा हो, धेरै हदिसहरु द्वारा यस माथि प्रेरित गरेको छ, अबुजर ﵁ को हदिसमा छ कि रसुल ﷺले भन्नु भयो : ««प्रत्यक बिहान तिमीहरुको हरेक जोड माथि एउटा सदका अर्थात दान अनिवार्य हुन्छ, र प्रत्यक तस्बीह सदका छन्, प्रत्यक तहमीद सकदा छन्, प्रत्यक तहलील सदका छन्, प्रत्यक तक्बीर सदका छन्, सुकर्मको हुकुम दिनु सदका छन्, र दुष्कर्मबाट रोकनु सदका छन्, र चाशतको नमाज ती सबै तर्फबाट प्रयाप्त छन्›» (मुस्लिम - ७२०) अबुहोरैरह ﵁ले भन्नु भयो कि ««मेरो मित्र मोहम्मद ﷺले मलाई तीन कुराको वसियत गर्नु भएकोछ कि मृत्यु सम्म त्यस्लाई न छोडनु, प्रत्यक महिनामा तीन दिन बर्त बसने, र चाशतको नमाज पढ्ने, र सुतने भन्दा पहिला वित्रको नमाज पढ्ने›» (मुत्तफकुन्अलैह - ११७८, ७२१)
त्यस्को उत्तम समय दिन चढेको र कडा घाम लागेको समय हो, र सुर्य ढलनका साथै त्यस्को समय समाप्त भइहाल्छ, कम्तिमा दुइ रकत पढनु पर्छ तर अधिकको कुनै सिमा छैन।

## नमाज निषेध गरिएको समय।

यहाँ केही यस्तो समय दिएको छ जुन समयमा नमाज पढनु जायज छैन, र त्यो यस प्रकार छन् :
१ - फजर नमाज देखि सुर्य उदय भएर एक हात बराबर माथि आइ पुगे सम्म ।

२ - दिउँसो आकाशको ठिक बीचमा सुर्य भएको समय, जुन समय छाया चाहिं कुनै दिषामा हुँदैन, यहाँ सम्म कि सुर्य पश्चिममा ढलि हालोस ।

३ - असर नमाज देखि सुर्य अस्त हुने सम्म ।

मनाही गरिएको समयमा केही नमाजहरु जायज छन् जस्तो कि कुनै खास कारणले पढनु पर्ने नमाजहरु ज्स्तो कि तहियतुल मस्जिद, जनाजाको नमाज, ग्रहनको नमाज, तवाफको दुइ रकत, र वोजुको दुइ रकत, इत्यादि । र त्यस्तै छुटिएको नमाज कजा गर्नु पनि जायज छ, किनकि रसुल ﷺले भन्नु भयो «जस्ले नमाज बिर्सनु भयो अथवा सुतनु भयो भने उस्को प्राश्चित चाहिं यस्तो हुन्छ कि ध्यानमा आउने बित्तिकै त्यस्लाई पढनु पर्छ» (मुत्तफकुन्अलैह- ५९७, ६८४) त्यस्तै फजरको सुन्नत कजा गर्नु जायज छ, र जोहरको सुन्नत यदि आफनो समयमा पढन सकेको छैन भने असर नमाज पछि कजा गर्नु जायज छ ।